प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(युवा तथा खेलकूद महाशाखा)

मुकाम बुटवल, नेपाल

पत्र संख्या: ०७७/०७८

चलानी नं.: ८६९

**खेलकूद प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी हुनका लागि निवेदन दिने सम्बन्धी सूचना।**

**सूचना प्रकाशित मिति २०७७।०८।२१**

दर्ता नं:- १९२९
मिति:- २०७७/०८/२२

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक वर्ष ०७७।०७८ को वार्षिक स्वीकृत कार्यक्रमको ब.उ.शि.नं. ३५०००१६, श्रम तथा रोजगार कार्यक्रम अन्तर्गत प्रदेश भित्रका विभिन्न जिल्लाहरुमा सञ्चालन हुने खेलकूद प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी हुनका लागि तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट तपसिल बमोजिमका कागजातसहितको निवेदन सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

**क. प्रशिक्षार्थीको न्युनतम योग्यता**

- १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको
- कम्तीमा १२ कक्षा उत्तीर्ण गरेको
- प्रदेश ५ भित्र बसोबास गरेको
- कम्तीमा विगत २ वर्षदेखि नियमित रुपमा खेलकूदमा संलग्न रहेको

**ख. निवेदनका साथमा पेश गर्नुपर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि

**ग. प्रशिक्षण कार्यक्रमसम्बन्धी थप जानकारी**

- प्रशिक्षणमा भलिवल, फुटवल, क्रिकेट, मार्शल आर्ट्स, एथलेटिक्स, कबड्डी, कुस्ती र चेस खेल समावेश गरिनेछ।
- प्रशिक्षण पश्चात् प्रशिक्षणमा भाग लिने प्रशिक्षार्थीलाई आफ्नो खर्चमा नियमित रोजगारी दिने भनी सम्बन्धित खेलकूद एकेडेमी, विश्वविद्यालय वा अन्तर्गतका क्याम्पस, सामुदायिक तथा निजी विद्यालय, खेलकूदसँग सम्बन्धित संघसंस्था, होस्टेल, प्राविधिक शिक्षालय , व्यावसायिक खेल क्लवको प्रतिबद्धता पत्र भएमा, राष्ट्रिय वा प्रदेश वा जिल्लास्तरका खेलकूद प्रतियोगितामा भाग लिई कम्तीमा तृतीय स्थानसम्म प्राप्त गरेको भएमा सहभागी छनौटमा प्राथमिकता दिइने छ।
- प्रशिक्षणको अवधि एक महिनाको हुनेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(युवा तथा खेलकूद महाशाखा)
मुकाम बुटवल, नेपाल

पत्र संख्या: ०७७/०७८
चलानी नं.:

- सहभागी संख्या प्रति समूह ३० जनाको हुनेछ। सहभागी संख्याको आधारमा सम्बन्धित जिल्लाको सबै सहभागीलाई पायक पर्ने स्थानमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- निवेदन इमेल मार्फत् समेत पठाउन सकिनेछ।
- यस कार्यक्रम सम्बन्धी अन्य जानकारीका लागि यस मन्त्रालयको वेवसाइट www.mosd.p5.gov.np मा रहेको युवा, खेलकूद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन ०७७।०७८ हेर्न सकिनेछ।

बोधार्थः

१. सामाजिक विकास डिभिजन कार्यालय, दाङ (इमेलः sddodang@gmail.com, सम्पर्क नं ०८२-५२०२५६)
२. सामाजिक विकास डिभिजन कार्यालय, बाँके (इमेलः sddobanke@gmail.com, सम्पर्क नं ९८५८०८०२८१)
३. सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तु (इमेलः sddokapilvastu2019@gmail.com, सम्पर्क नं ९८५७०५००१३)
४. सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही (इमेलः sddo.rupandehi@gmail.com, सम्पर्क नं ९८५७०१७१८४),
५. सामाजिक विकास डिभिजन कार्यालय, प्युठान (इमेलः sddopyuthan@gmail.com, सम्पर्क नं ९८५७८६०१४३)
६. सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा (इमेलः sddopalpa@gmail.com, सम्पर्क नं ९८५७०१६८१३)

आफ्नो कार्यक्षेत्र भित्रका क्याम्पस तथा शैक्षिक संस्थाहरुमा समेत यस सूचनाको सम्प्रेषण गरी सहभागीहरुको निवेदन संकलनको व्यवस्था मिलाउनुहुन।

२०७७।८।१९

विष्णुप्रसाद पन्थी
शाखा अधिकृत